वैठक संख्या ४

आज मिति २०७४ पौष २६ गते बुधबार दिनको २:०० बजे बेलबारी नगरपालिकाका नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यूको अध्यक्षतामा नगरकार्यपालिकाको तपशिल बमोजिमका पदाधिकारी र सदस्यहरुको उपस्थितिमा वैठक बस्यो ।

तपशिल

| क.सं. | नाम थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री ज्ञानेन्द्र सुबेदी | प्रमुख | |
| २ | श्री ढाका कुमारी पराजुली | उपप्रमुख | |
| ३ | श्री चक्र बहादुर खुलाल | सदस्य | |
| ४ | श्री घनश्याम गौतम | सदस्य | |
| ५ | श्री योगेन्द्र प्रसाद सुबेदी | सदस्य | |
| ६ | श्री राम कुमार राई | सदस्य | |
| ७ | श्री विश्वबन्धु बस्नेत | सदस्य | |
| ८ | श्री उदय बहादुर राई | सदस्य | |
| ९ | श्री चेत बहादुर बस्नेत | सदस्य | |
| १० | श्री धनपति गौतम | सदस्य | |
| ११ | श्री नगेन्द्र खड्का | सदस्य | |
| १२ | श्री गंगा बहादुर याख्खा | सदस्य | |
| १३ | श्री यम बहादुर पोखेल | सदस्य | |
| १४ | श्री खिनामाया थापा | सदस्य | |
| १५ | श्री गिता शिवा | सदस्य | |
| १६ | श्री बिन्दुकला गुरुङ्ग | सदस्य | |
| १७ | श्री सुनीता चौधरी | सदस्य | |
| १८ | श्री सुजान राजवंशी | सदस्य | |
| १९ | श्री गिता गिरी | सदस्य | |
| २० | श्री शिवनाथ धिमाल | सदस्य | |
| २१ | श्री धन बहादुर शिवा | सदस्य | |
| २२ | श्री गणेश प्रसाद दाहाल | प्र.प्रशासकिय अधिकृत | |
| | अन्य कर्मचारीहरु | | |
| १ | महेन्द्र खड्का | शाखा अधिकृत (सातौं) | |
| २ | टेकनाथ रेग्मी | लेखा अधिकृत | |
| ३ | झमक भट्टराई | कार्यक्रम अधिकृत | |
| ४ | रामचन्द्र गजुरेल | ना.सु. | |
| ५ | बलराम गौतम | लेखापाल | |
| ६ | कुमार बस्नेत | सब इन्जिनियर | |
| ७ | दिनेश खड्का | का.संयोजक | |
| ८ | संतोष विश्वकर्मा | हे.अ. | |

**प्रस्तावहरु**

१. चालु आ.व. ०७४/०७५ को बजेट, नीति तथा कार्यक्रम ।

२. आर्थिक ऐन, २०७४

३. विनियोजन ऐन, २०७४

४. न्यायिक समिति गठन सम्बन्धमा ।

५. खर्च अनुमोदन सम्बन्धमा ।

६. आ.व. ०७३/७४ मा संचालित योजनाहरुको म्याद थप सम्बन्धमा ।

७. वडास्तरीय योजना तयारी खर्च समबन्धमा ।

८. बेलबारी नगरपालिकाको सांगठानिक ढाँचा र दरबन्दी संरचना सम्बन्धमा ।

९. कर्मचारीको थप सेवा सुविधा सम्बन्धमा ।

१०. सामाजिक परिचालक करार सेवा सम्बन्धमा ।

११. स्थानीय मेला महोत्सव सम्बन्धमा ।

१२.टोल विकास संस्था संचालन कार्यविधि २०७४

१३.सामुदायिक विकास अभियान संचालन कार्यविधि २०७४

१४. बेलबारी नगरपालिका बजार अनुगमन निर्देशिका २०७४

## निर्णयहरु

**निर्णय नं. १:** प्रस्ताव नं. १ र ८ मा छलफल हुदाँ बजेट तथा कार्यक्रम तर्जुमा समितिको मिति २०७४।९।२४ गतेको वैठकबाट सिफारिस भई आएनुसार चालु आ.व. २०७४/०७५ बार्षिक बजेट तथा कार्यक्रम प्रस्तुत गरियो । अनुसूचि १ मा समावेश भएको पेज नं. १ देखि ५७ सम्मको बार्षिक बजेट तथा कार्यक्रम र अनुसूचि २ को पेज नं. ५८ मा नगरपालिकाको साँगठानकि ढाँचा तथा अनुसूचि ३ को पेज नं. ५९ देखि ६१ सम्मको बेलबारी नगरकार्यपालिकाको संगठन दरबन्दी संरचना स्वीकृत गरी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २:** प्रस्ताव नं. २ मा छलफल हुदाँ बेलबारी नगरपालिकाको आर्थिक वर्ष २०७४/०७५ को अर्थ सम्बन्धि प्रस्तावलाई कार्यान्वयन गर्नको लागि स्थानीय कर शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिमको संलग्न पेज नं. १ देखि ३६ सम्म भएको बेलबारी नगरपालिकाको आर्थिक ऐन, २०७४ स्वीकृत गरी नगरसभा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३:** प्रस्ताव नं. ३ मा छलफल हुदाँ नेपालको संविधानको धारा २२९ को उपधारा (२) बमोजिमको आर्थिक वर्ष २०७४/०७५ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न आवश्यक भएकोले पेज नं. १ देखि ३ सम्मको संलग्न बेलबारी नगरपालिकाको विनियोजन ऐन, २०७४ स्वीकृत गरी नगरसभा पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४:** प्रस्ताव नं. ४ मा छलफल हुदाँ नेपालको संविधानको धारा २१७ बमोजिम स्थानीय तहमा एक न्यायिक समिति गठन गर्नु पर्ने व्यवस्था भएकोले तपशिल बमोजिमको सदस्य रहने गरी न्यायिक समिति गठनका लागी नगरसभामा पेश गर्ने निर्णय गरियो ।

(क) संयोजक: श्री ढाका कुमारी पराजुली  नगर उपप्रमुख

(ख) सदस्य: श्री धनमाया वि.क.

(ग) सदस्य: श्री कमला गौतम

**निर्णय नं. ५:** प्रस्ताव नं. ५ मा छलफल हुदाँ चालु आ.व.को मंसिर मसान्तसम्म आन्तरिक तथा बाह्य श्रोतहरुबाट कुल आय रु. ३५ करोड ८१ लाख ३७ हजार ४ सय ४४ रुपैया ९९ पैसा बराबर भएकोमा कुल रु. १२ करोड ७० लाख ४८ हजार ९ सय ५२ रुपैया भएको तपशिल बमोजिमको विस्तृत खर्च विवरण अनुमोदन गर्ने निर्णय गरियो ।

१. **आ.व.२०७४।७५ को मंसिर मसान्त सम्मको यथार्थ व्यय विवरण**

| सि.नं. | शिर्षक | रकम | कैफियत |
|---|---|---|---|
| १ | प्रशासनिक खर्च | ११६७१५७४.७० | |
| २ | सामाजिक सुरक्षा भत्ता | ३७१२३६००.०० | |

| | | | |
|---|---|---|---|
| ३ | शशर्त अनुदान चालु खर्च | ६३४८८९६१.३० | |
| ४ | जम्मा चालु खर्च | ११२२८४१३६.०० | |
| ५ | पुंजिगत खर्च | १४७६४८१६.०० | |
| | **जम्मा** | १२,७०,४८,९५२.०० | |

**२. आ.व.२०७४।७५ को मंसिर मसान्त सम्मको यथाथ आय बिवरण**

| **सि.नं.** | **शिर्षक** | **रकम** | **कैफियत** |
|---|---|---|---|
| १ | आन्तरिक श्रोत | ४१०१०४४५.९९ | |
| २ | बाह्य श्रोत: | | |
| ३ | शशर्त अनुदान | ८५३८२०००.०० | |
| ४ | बित्तिय समानिकरण अनुदान | १९००७२०००.०० | |
| ५ | सडक बोर्ड | ११८९९९९.०० | |
| ६ | स्थानीय शासन तथा सा. बि.का. | ३३००००.०० | |
| ७ | सामाजिक सुरक्षा भत्ता | ४०१५३०००.०० | |
| | **जम्मा** | ३५,८१,३७,४४४.९९ | |

**निर्णय नं. ६:** प्रस्ताव नं. ६ मा छलफल हुदाँ विगत आ.व.२०७३/०७४ मा संचालित तपशिल बमोजिमका योजनाहरु सम्पन्न भैनसकेको हुदाँ उक्त योजनाहरुको म्याद थप गरी कार्य संचालन गराउने निर्णय गरियो ।

| **सि.नं.** | **शिर्षक** |
|---|---|
| १ | संघीय संरचना पूर्वाधार विकास कार्यक्रम |
| २ | सामाजिक सुरक्षा भत्ता फिर्ता बेरुजु दाखिला |
| ३ | सिसौली मार्गकालोपत्रे निर्माण उपभोक्ता समिति |
| ४ | भगवती मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति |
| ५ | जनमार्ग ठाकुने डाँडाबाट कृषि मार्ग करमडाँडा हुदै मिरमिरे मार्ग कालोपत्रे निर्माण उपभोक्ता समिति |
| ६ | पुरानो नगरपालिका रोड निर्माण उपभोक्ता समिति (सडक टायल लगाउने) |
| ७ | बाल नगरप्रोफाइल निर्माण ( एकिकृत हातेमाले समाजलाई) |

**निर्णय नं. ७:** प्रस्ताव नं. ७ मा छलफल हुदाँ चालु आ.व.२०७४/०७५ को वार्षिक बजेट तथा कार्यक्रम तर्जुमा गर्दा वडास्तरमा भएको योजना छनौट कार्यमा भएको खर्च समायोजनको लागि हरेक वडाहरुलाई रु. २० हजार दरले हुने २ लाख २० हजार बराबरको खर्च साथै नगरसभाका सदस्यहरुलाई एकरुपताको

लागि पोसाक स्वरुप महिला सदस्यहरुलाई साडी चोलो र पूरुष सदस्यहरुलाई ढाका टोपी साथै झोला १/१ थान उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ८:** प्रस्ताव नं. ९ मा छलफल हुदाँ नगरकार्यपालिकाको सेवा प्रवाहमा थप सुधार र प्रभावकारी बनाउन सहयोग पुगोस भन्ने अभिप्रायले नगर कार्यपालिकाको कार्यालय र वडा कार्यालयहररुमा कार्यरत कर्मचारीहरुको लागि मासिक खाइपाइ आएको तलबको आधारमा २८ प्रतिशत थप सुविधा दिने निर्णय गरियो ।

**निर्णय नं. ९:** प्रस्ताव नं. १० को सामाजिक परिचालक कर्मचारीको करार सेवा सम्बन्धमा आगामी वैठकमा छलफल गरी निर्णय गर्ने ।

**निर्णय नं. १०:** प्रस्ताव नं. ११ मा छलफल हुदाँ स्थानीय मेला महोत्सव सम्बन्धमा शैक्षिक अभिबृद्धि हुने कृषि, बाणिज्य, पर्यटन तथा शैक्षिक महोत्सवलाई माग भएको बखत सम्बद्ध विषयगत क्षेत्र संस्था आयोजक हुने महोत्सवलाई अनुमति दिने त्यस अतिरिक्त अन्य कृयाकलापका लागि अनुमति नदिने निर्णय गरियो ।

**निर्णय नं. ११:** प्रस्ताव नं. १२, १३, १४ मा छलफल हुदाँ बेलबारी नगरकार्यपालिकाको लागि आवश्यक रहेका तथा विधेयक समितिको मिति २०७४।९।१६ गतेको वैठकबाट सिफारिस भइ आएका टोल विकास संस्था संचालन कार्यविधि, २०७४ सामुदायिक विकास अभियान संचालन कार्यविधि, २०७४ र बजार अनुगमन निर्देशिका, २०७४ स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२:** नगरपालीकाको कामको सिलसिलामा नगर प्रमुख श्री ज्ञानेन्द्र सुवेदीज्यू मिति २०७४।९।२ देखि १३ गते सम्म काठमाण्डौ भ्रमणमा जानु भएकोले उहाँको भ्रमण स्वीकृत गर्ने निर्णय गरियो ।